# चर्चभिल-चिली सेन्ट्रल स्कुल डिस्ट्रिक्ट
## 1:1 सुरक्षा योजना – क्रोमबुक कम्प्युटर (________ शैक्षिक वर्ष)

डिस्ट्रिक्टको डिभाइस दिइएका विद्यार्थीहरू जानीजानी वा दुर्घटनावश हुने सबै क्षतिहरूका लागि जिम्मेवार हुन्छन् । खराबी वा मर्मतसम्भारको समस्या भएमा मर्मतका लागि जिम्मेवारी चर्चभिल-चिली स्कुल डिस्ट्रिक्टको सूचना प्रविधि विभागद्वारा निर्धारण गरिनेछ ।

**नाम दर्तासम्बन्धी जानकारी**

क्रोमबुक बीमा कभरेज कार्यक्रम ऐच्छिक हो र यसले दुर्घटना वा चोरी भएमा अभिभावकहरूलाई आर्थिक बोझ कम गर्न किफायती समाधान उपलब्ध गराउँछ ।

आमाबुबा/अभिभावकहरूले क्रोमबुक बीमा कभरेज कार्यक्रममा सहभागी हुन अस्वीकार गर्न सक्नुहुन्छ तर उहाँहरू क्षति वा चोरीसँग सम्बन्धित लागतका लागि पूर्ण रूपमा जिम्मेवार हुनुहुनेछ । क्रोमबुक बीमा कभरेज कार्यक्रमले **एक शैक्षिक वर्ष** (अगस्तदेखि अगस्तसम्म) को समयलाई कभर गर्नेछ र यसको रकम फिर्ता नगरिने किसिमको हुन्छ ।

भुक्तानी प्यारेन्ट पोर्टलमार्फत अनलाइनबाट गर्न सकिन्छ: https://www.cccsd.org/Portal वा विद्यार्थीले आफ्नो क्रोमबुक प्राप्त गर्दा नगद वा चेकबाट भुक्तानी गर्न सकिन्छ । स्कुलको मुख्य कार्यालयमा पनि नगद/चेक भुक्तानी गर्न सकिन्छ ।

| **वार्षिक खर्च:** | **फेब्रुअरी 1 पछिका नयाँ प्रवेशीहरूका लागि समानुपातिक लागत:** |
|---|---|
| अगस्तदेखि अगस्तसम्म<br>- $15 पूर्ण लागत<br>- $7 नि:शुल्क र खर्च घटाइएको लन्च कार्यक्रमका लागि योग्य भएमा | फेब्रुअरीदेखि अगस्तसम्म<br>- $10 पूर्ण लागत<br>- $3 नि:शुल्क र खर्च घटाइएको लन्च कार्यक्रमका लागि योग्य भएमा |

| **सुरक्षा योजनाको कभरेज र कटौती रकमहरू:** | |
|---|---|
| *आकस्मिक क्षतिमा कटौती:*<br>पहिलो घटना: $0<br>दोस्रो घटना: $0<br>तेस्रो घटना: पूर्ण लागत | हराएको/चोरीमा कटौती:<br>पहिलो घटना: $50<br>दोस्रो घटना: $100<br>तेस्रो घटना: पूर्ण लागत |

| **सुरक्षा योजनामा नसमेटिएको:** | |
|---|---|
| - जानीजानी गरिएको क्षति | - प्रहरी रिपोर्टको प्रतिलिपि नबनाइ हराएको/चोरी भएको (विद्यार्थी डिस्ट्रिक्टमा हुँदा डिभाइस हराएको भएमा डिस्ट्रिक्टको प्रशासनसँग सल्लाह गर्नुहोस्) |

| **सुरक्षा योजना बिनाका लागतहरूको उदाहरण:** | |
|---|---|
| - स्क्रिन प्रतिस्थापन: $150<br>- पानीले हुने क्षति: $150<br>- किबोर्ड: $60 | - हराएको/चोरी भएको: $300 |

- **यदि क्रोमबुकसँगै प्रोटेक्टिभ केस पनि दिइएको थियो भने सो केस डिभाइसमा हरसमय राखिनुपर्छ । IT कर्मचारीहरूलाई मात्र प्रोटेक्टिभ केस हटाउन अनुमति दिइएको छ ।**
- यदि हराएको वा चोरी भएको क्रोमबुक पछि काम गर्ने अवस्थामा फेला परेमा जरिवाना रकम फिर्ता गरिनेछ ।
- यदि कुनै विद्यार्थीले डिस्ट्रिक्ट छोडेमा तर क्रोमबुक फिर्ता नगरेमा उनलाई पूर्ण प्रतिस्थापन लागतका लागि शुल्क लगाइनेछ र विद्यार्थीका रेकर्ड तथा ट्रान्सक्रिप्टहरूमा बन्देज लगाउने मानक नियमहरू लागू हुनेछन् । डिस्ट्रिक्टको सम्पत्ति पुनर्प्राप्त गर्ने उद्देश्यका लागि कानुन कार्यान्वयन गर्ने निकायलाई संलग्न गराउन सकिनेछ ।
- यदि तपाईंले चर्चभिल-चिली स्कुल डिस्ट्रिक्ट क्रोमबुक कभरेज कार्यक्रममा नाम दर्ता नगर्ने भनेर छनौट गर्नुभयो भने तपाईं आफैं क्रोमबुकको मर्मत वा प्रतिस्थापनका लागि सम्पूर्ण लागतको आर्थिक रूपले जिम्मेवार हुनुहुनेछ ।